परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १४ ❑ अंक १२ २०८२ असोज २६ आईतवार Sunday 12, OCT 2025 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-




## अबिरल बर्षाको कारण आएको बाढीले मोरंगमा ४२७ परिवार प्रभावित

विराटनगर । अविरल वर्षाका कारण मोरंग जिल्लामा आएको बाढीले मोरंग जिल्ला भरीमा ४२७ परिवार प्रभावित भएका छन् । केशलीया, सिंघिया, बक्राहा र रतुवा लगायतको खोलामा आएको बाढीले मोरङका विभिन्न स्थानमा ठूलो क्षति पुऱ्याए पछि उक्त परिवार प्रभावित भएको छ ।



खोलामा आएको बाढी घरमा परेका कारण मोरङ जिल्लाका २५१ परिवारका १ हजार २० जना प्रभावित भएका छन् । तीमध्ये १७६ परिवार आफ्नो घर छाडेर विस्थापित भएका छन् । त्यस मध्ये कोशी प्रदेशको राजधानी विराटनगर महानगर पालिका र आसपासका बस्तीहरू सबैभन्दा बढी प्रभावित भएका छन् ।

केशलीया खोलामा आएको बाढी विराटनगर-१२ बखरी स्थित सम्पन्न बस्तीमा पस्दा ७५ घरका ३५० जना विस्थापित भएका छन् । उनीहरूलाई बखरी आधारभूत विद्यालय र नयाँ निर्माणाधीन फ्याक्ट्रीमा अस्थायी रूपमा राखिएको थियो ।

त्यस्तै, सिंघिया खोलाको बाढी विराटनगर-२ पूर्वटोल मा पस्दा ३५ घर डुबानमा परेका छन् । ती घरका १५० जना स्थानीय सुरक्षित स्थानमा सरेका छन् । विराटनगर-५ शंकरबारी टोलमा २० घर बाढीले प्रभावित भएका छन् भने ७० जना आफन्तकहाँ गएर बसेको थियो ।

विराटनगर-८ को सुकुम्बासी बस्तीमा पनि सिंघिया खोलाले ११ घरमा पसेर ४० जना विस्थापित गरेको छ । ती परिवारहरू आफैं सुरक्षित स्थानमा सरेका छन् । सिंघिया खोलाको बाढी विराटनगरसँग जोडिएको कटहरी गाउँपालिका-१ बख्खु टोलमा पनि पसेको थियो । सो क्षेत्रमा ३५ परिवार विस्थापित

वांकी अन्तिम पेजमा...

## पहिरोले भत्किएका घर प्रदेश सरकारले बनाईदिने

विराटनगर । कोशी प्रदेश सरकारले केही दिनअघि गएको बाढी पहिरोले भत्किएका र बगाएका सबै घर पुनर्निर्माण गरिदिने भएको छ । कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मतकुमार कार्कीको अध्यक्षतामा बसेको प्रदेश विपद व्यवस्थापन परिषद्को बैठकले सबै घर बनाइदिने निर्णय गरेको छ ।

विपतमा सबैभन्दा बढी क्षति भएको इलाम, झापा र मोरङका घरहरू तत्कालै बनाउन सुरु गर्ने कोशी प्रदेश सरकारले जानकारी दिएको छ । घरहरूको सम्पूर्ण विवरण संकलन पनि गर्दै जाने र निर्माण कार्य पनि अगाडि बढाउँदै जाने परिषद बैठकले निर्णय गरेको छ ।

त्यस्तै आजको परिषद् बैठकले इलाम जिल्लाका सातवटा पालिकालाई संकटग्रस्त घोषणा गर्नको लागि संघीय सरकारलाई सिफारिस गर्ने निर्णय पनि गरेको छ । प्रदेश सरकारले राहत र पुनर्स्थापनाका लागि इलाम जिल्लामा समन्वय गर्न आर्थिक मामिला तथा योजना मन्त्री रामबहादुर राना, भौतिक पूर्वाधार मन्त्री भूपेन्द्र राई र आन्तरिक मामिला तथा कानुन मन्त्री रेवती रमण भण्डारीलाई जिम्मा दिएको छ ।

सो टोलीले सम्पूर्ण क्षेत्रको स्थलगत निरीक्षण गर्दै पुनर्निर्माणलाई फिल्डमै खटेर तीव्रता दिएको छ । त्यस्तै सुनसरी जिल्लाको हकमा वन पर्यटन तथा वातावरण मन्त्री सदानन्द मण्डल र आन्तरिक मामिला तथा कानुन मन्त्री रेवती रमण भण्डारीले समन्वय गरी काम गर्नुहुनेछ ।

झापा जिल्लाका लागि खानेपानी , सिँचाइ तथा ऊर्जा मन्त्री एकराज कार्कीलाई आवश्यक पुनर्निर्माण र सबै खालको समन्वय गर्ने जिम्मेवारी तोकिएको छ । परिषद् बैठकले चालु बजेटका खर्च र योजनाहरु हेरेर कटौती गरी पुनर्निर्माणमा खर्च गर्नका लागि कोशी प्रदेश सरकारलाई सिफारिस गर्ने निर्णय पनि गरेको छ ।

भौतिक पूर्वाधार मन्त्रालयले तत्कालै सबै खालका बाटोहरू खुलाउनका लागि आफ्ना सबै संयन्त्र परिचालन गर्नका लागि पनि बैठकले निर्देशन गरेको थियो । कोशी प्रदेश सरकारका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले पुनर्निर्माण र राहतमा कुनै कसर नराखी काम अगाडि बढाउनका लागि बैठक निर्देशन दिनुभएको थियो ।

विपतमा सम्पूर्ण नागरिक, उद्योगी व्यवसायी, अधिकार कर्मी, राजनीतिक पार्टी, बैंक तथा वित्तीय संस्था र कर्मचारीहरूलाई सहयोग गर्नका लागि आह्वान गर्ने समेत निर्णय गरेको आन्तरिक मामला तथा कानुन मन्त्रालयका विपद महाशाखा प्रमुख कमल थापाले जानकारी गराएका थिए ।

## विराटनगर म्युजिक फेस्टिभल जैन भवनमा

विराटनगर । लाईभ इन्टर मेन्टको आयोजनामा विराटनगर म्युजिक फेस्टिभलको चौथो संस्करण २०८२ जैनको प्रांगणमा असोज ३१ शुक्रबार हुनेभएको छ ।

कार्यक्रम व्यावस्थापक एवम् संयोजक सन्तोष महत (स्यान्ट्रो) ले नेपाल पत्रकार महासंघ मोरंगको सभाहलमा पत्रकार सम्मेलन गरी जानकारी गराएको हो ।

नेपालीहरुको महान चाड दशैं, तिहार र छठ पर्वको अवसर पारेर आयोजना गरिदै आएको विराटनगर म्युजिक फेस्टिभलको चौथो संस्करणले दर्शकहरुलाई मनोरन्जन प्रदान गर्नुका साथै सामाजिक सद्भाव वढाउन महत्वपुर्ण सहयोग गर्ने अपेक्षा आयोजकले अपेक्षा गरेकोछ ।

विगतमा ३ पटक सफलता पुर्वक आयोजना भईसकेको विराटनगर म्युजिक फेस्टिभलको चौथो संस्करण विराटनगरको एक मात्र ठुलो सांगितिक कार्यक्रम भएको आयोजकले दावी गरेको छ ।

चौथौं संस्करणमा राष्ट्रिय कलाकार चर्चित गायक तथा युवा पुस्तामा प्रख्यात व्याण्ड स्वर्ण र पूर्ण राई दाजुभाइ हरूलाई मुख्य आकर्षणको रुपमा रहनेछ । थप आकर्षण को रुपमा विराटनगरका ख्याति प्राप्त व्याण्ड द स्मृति वेण्ड रहनेछ । साथै स्मृति बैण्ड स्थापनाको २५ वर्ष पुगेको उपलक्ष्यमा विशेष प्रस्तुती पनि रहने छ ।

त्यसैगरी विराटनगरका चर्चित गायक शुभम् एणङ द वेण्डको सांगितिक प्रस्तुति र विराटनगरको स्थानिय डान्स क्लवहरुको नृत्य प्रस्तुति रहनेछ ।

कार्यक्रमलाई थप आकर्षक बनाउन र स्थानिय परिकारहरुको स्वाद लिन फुड स्टलको व्यवस्था रहनेछ । विगत लामो समय देखि विराटनगरलाई संगित मार्फत

वांकी अन्तिम पेजमा...



### अबिरल...

भएका छन् र उनीहरूलाई नारी विकास संघको भवनमा राखिएको थियो ।

यसैबीच, सुनबर्षी नगर पालिका-६ कैनिटोलमा बक्राहा खोलाले साइड बाँध कटान गरेको छ भने उर्लाबारी-१ बोडरलाइनमा रतुवा खोलाले पनि साइड बाँध भत्काएर बस्तीमा बाढी पसेको प्रहरीको जानकारीमा आएको छ ।

सुनबर्षी-३ बाहुनटोलमा बक्राहा खोलाले करिब ४-५ मिटर बाँध कटान गरी ६० घरमा बाढी पसेको छ । त्यस्तै, मिक्लाजुङ गाउँपालिका-६ मलामीटहेरामा नुनसरी खोलाको बाँध समेत कटान भएको छ ।

बाढी र डुबानका कारण विस्थापित भएका परिवारलाई विभिन्न संघ-संस्थाले राहत सामग्री र खानाको व्यवस्था गरिरहेका छन् ।

### विराटनगर...

चिनाउदै आएका द स्मृति वैण्डलाई नगद सहित सम्मान गरिने (स्यान्ट्रो) ले जानकारी दिए ।

कार्यक्रमको लागत करिव २० लाख अनुमानित गरिएको छ र लागत संकलनको स्रोत का रुपमा विज्ञापन दाता कम्पनि, सहयोगि संघ सस्था र व्यक्तीगत सहयोगहरु रहने छन् । साथै भीआइपी टीकट १ हजार र सधारण टिकट ३ सयमा खरिद गर्न सकिन्छ । विराटनगर म्युजिक फेस्टिभलको चौथो संस्करण करीब ५ हजार जनाको सहभागीता हुने आयोजकले दावी गरेकोछ ।

कार्यक्रमलाई भव्य बनाउन अन्तराष्ट्रिय स्तरको डीबी टेकनोलोजी साउण्ड सिस्टम, लाईट, स्टेंज तथा स्कृनको प्रयोग गरिने छ । जसबाट जैन भवनको प्रांगणबाट म्युजिकको आवाज बाहिर जादैनन । अनलाइन टिकट खल्ती वाइलेटबाट खरिद गर्न सकिनेछ ।

### बाढीपहिरोमा परी ५२ जनाको मृत्यु

विराटनगर । गतशुक्रबार र शनिबार आएको भारी वर्षापछिको बाढीपहिरोका कारण कोशी प्रदेशमा मृत्यु हुनेको संख्या ५२ पुगेको छ । इलाममा पहिरो र बाढीमा परेर मृत्यु हुनेको संख्या ३७ पुगेको छ ।

त्यसैगरी पाँचथरमा ८, उदयपुरमा ३, खोटाङमा २, सुनसरी र मोरङमा १-१ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

NO SMOKING

# राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्थाको सम्पत्ति ५७ करोड





विराटनगर । राष्ट्रसेवक बचत तथा ऋण सहकारी संस्था विराटनगरको कुल सम्पत्ति दायित्व ५७ करोड ३८ लाख पुगेको छ । अघिल्लो आर्थिक वर्ष २०८०-०८१ म ४८ करोड ४ लाख थियो । आर्थिक वर्ष ०८१-०८२ मा ५७ करोड ३८ लाख ५७ हजार ४५४ पुगेको संस्थाका अध्यक्ष जीवन काफ्लेले वताए

विराटनगरमा शनिवार आयोजित २७ औं बार्षिक साधारणसभाको अवसरमा चालु आर्थिक वर्ष २०८२-०८३ मा यसलाई बृद्धि गरेर ६३ करोड ९० लाख १७ हजार ३०२ पुर्याइने लक्ष्य रहेका छ । संस्थाले गत आर्थिक वर्ष २०८१-०८२ मा कुल आम्दानी ५१ करोड ४३ लाख ५ हजार ५६९ रुपैयाँ गरेको छ । बार्षिक लक्ष्यको ९४ प्रतिशत आम्दानी भएको अध्यक्ष काफ्लेले वताए ।

सहकारीको निक्षेप ४४ करोड ४३ लाख ११ हजार ७०८ रुपैया ७३ पैसा रहेको छ । ऋण लगानी ३५ करोड ८८ लाख ७२ हजार ९९४ रुपैया रहेको छ । सहकारीको कोष हिसाब ४ करोड ९९ लाख ७२ हजार४३ रुपैया ३१ पैसा रहेको बार्षिक प्रतिवेदनमा उल्लेख छ ।

सहकारीले ५ करोड १४ लाख ३५ हजार ५६९ रुपैया ४६ पैसा कुल आम्दानी गरेकोमा ४ करोड ९२ लाख २३ हजार ९६७ रुपैया ७६ पैसा खर्च गरेको छ ।

२७ औं बार्षिक साधारण सभाका अवसरमा एक पत्रकार सहित तीन जनालाई पुरस्कृत गरिएको छ । उहाँहरुलाई निजामती कर्मचारी संगठन केन्द्रीय अध्यक्ष भवानी दाहाल, संस्थाका अध्यक्ष जीवन काफ्ले, दाता परिवारका सदस्य लगायतले सम्मानित गर्नु भएको थियो ।

किशोरी खतिवडा स्मृति पुरस्कारबाट निजामती कर्मचारी संगठनकी पूव 'उपाध्यक्ष इन्दिरा रिजाल ( काठमाण्डौं ) लाई प्रदान गरिएकोछ । पुरस्कारको राशी १५ हजार रहेको छ । दधिराम दाहाल स्मृति पुरस्कार समाजसेवी भवनाथ पौडेल (विराटनगर) लाई प्रदान गरिएको छ । पुरस्कारको राशी ११ हजार रहेको छ । हिरनकुमार थापा स्मृति पुरस्कार पत्रकार सुमन सुस्केरालाई प्रदान गरिएको छ । पुरस्कारको राशी ११ हजार रहेको छ । सहकारीले ७५ बर्षमाथिका जेष्ठ सदस्य तथा कक्षा १२ र एसईईमा उत्कृष्ट अंक ल्याउने शेयर सदस्यका छोराछोरीलाई पनि सम्मान गरेको छ ।

गत आर्थिक वर्षमा नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय समिति, राष्ट्रिय सहकारी बैंक र प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालयबाट उत्कृष्ट सहकारीको पुरस्कार प्राप्त गरिएको संस्थाका सचिव ओमराज सुवेदीले जानकारी दिए

२०५५ साल साउन ४ गते स्थापित सहकारीमा अहिले १ हजार ८९३ जना शेयर सदस्य छन् ।

## मुटुलाई माया गरौं ।

मुटुलाई स्वस्थ राख्न :

- नियमित व्यायाम गरौं, मोटोपन घटाऔं,
- नुनिलो, चिल्लो र गुलियो कम खाऔं, सन्तुलित अहार, फलफूल र हरियो साँगसब्जी खाऔं,
- धुम्रपान र मद्यपान नगरौं,
- ध्यान, योग र सकारात्मक सोचमार्फत तनाव कम गरौं,
- प्रयाप्त मात्रामा सुतौं ।
- सक्रिय जीवनशैली अवलम्बन गरौं ।

मुटुको नियमित परिक्षण गरौं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

### नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| | | |
|---|---|---|
| प्रदिप साह<br>प्रमुख प्रशासकीय अधिकृत | भूमा पराजुली<br>उपमेयर | दिलीप कुमार अग्रवाल<br>मेयर |

रंगेली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश, नेपाल

## हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

### नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| | | |
|---|---|---|
| हिमालय बराल<br>प्रमुख प्रशासकीय अधिकृत | मिरादेवी दास केवरत<br>उपनगर प्रमुख | श्याम प्रसाद राजवंशी<br>नगर प्रमुख |

सुनवर्षी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मोरंग कोशी प्रदेश, नेपाल

परिवर्तनको लागि क्राईम अपरेशन Crime Operation साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

## सम्पादकीय

# विस्थापितलाई सहयोग गरौं

प्राकृतिक विपत्तिहरू मानव सभ्यताका लागि चुनौती हुन् । हरेक वर्ष जस्तै यस वर्ष पनि अविरल वर्षासँगै देशका विभिन्न स्थानमा बाढी र पहिरोको त्रास फैलिएको छ । अनेकौं परिवार घरबारविहीन भएका छन्, कतिपयको ज्यान गएको छ, खेतबारी बगाएका छन्, र जीविकाको स्रोत नष्ट भएका छन् । यस्तो कठिन घडीमा पीडित नागरिकहरूको साथमा उभिनु हाम्रो साझा जिम्मेवारी कर्तव्य हो । बाढी र पहिरोले जनजीवन अस्तव्यस्त बनाउँदा धेरै मानिसहरू अस्थायी टहरामा बस्न बाध्य छन् ।

अविरल वर्षाले आएको बाढीले खानेपानी, सरसफाइ, स्वास्थ्य सेवा र राहतको अभावले उनीहरूको पीडा अझ बढेको छ । यस्ता क्षणमा सरकार, स्थानीय निकाय, सुरक्षाकर्मी, र नागरिक समाज सबैको समन्वित प्रयास आवश्यक हुन्छ । राहत वितरण, पुनःस्थापना र पुनर्निर्माणका कार्यमा ढिलासुस्ती हुनु भनेको पीडितको पीडामा नुन छर्किनु हो । विस्थापितलाई दीर्घकालीन पुनःस्थापनाको योजना तयार गरी सक्षम नागरिक, संघसंस्था र व्यवसायीहरूले पनि आफ्नो सामाजिक दायित्व बुझेको प्रमाण दिनुपर्छ ।

प्राकृतिक विपत्तिबाट हुने क्षति केवल प्रकृतिको दोष होइन । अनियोजित बस्ती विस्तार, वन विनाश र कमजोर पूर्वतयारीले पनि यसलाई गम्भीर बनाएको हो । त्यसैले, तत्काल राहत मात्र होइन, दीर्घकालीन समाधानका लागि जोखिम न्यूनीकरण योजना र वातावरणीय सचेतना पनि समान रूपमा आवश्यक छन् । राज्य, समाज र नागरिकको साझा जिम्मेवारी निभाउँदै, पीडितहरूलाई सहयोगको हात बढाऔं ।

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोर ञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लािगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईंकै हुने छ ।

# २१ फागुनमै प्रत्यक्ष राष्ट्रपति चुन्न सम्भव छ ?

## संवैधानिक लोकतन्त्रको परिमार्जनका लागि गरिएको जनक्रान्ति वा आन्दोलनलाई अलग गरेर संविधानवाद स्थापित गर्न सकिंदैन ।

**कटक मल्ल**

राष्ट्रपति रामचन्द्र पौडेलले १७ भदौ २०८२ मा सुशीला कार्कीलाई अन्तरिम प्रधानमन्त्रीको शपथ ग्रहण गराए ।

कार्कीको सिफारिशमा राष्ट्रपतिले २१ फागुन २०८२ मा संघीय संसद् विघटन गरी मध्यावधि निर्वाचन घोषणा गरे ।

अन्तरिम सरकारले संसदीय निर्वाचनसँगै राष्ट्रपतिको अध्यादेश मार्फत प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको चुनाव गराउन सक्छ भन्ने तर्क प्रस्तुत गरिएको छ ।

दुई दिने जेनजी आन्दोलनले केपी शर्मा ओलीलाई प्रधानमन्त्रीबाट राजीनामा दिन बाध्य पारेपछि राष्ट्रपति रामचन्द्र पौडेलले १७ भदौ २०८२ मा सुशीला कार्कीलाई अन्तरिम प्रधानमन्त्रीको शपथ ग्रहण गराए। लगत्तै कार्कीको सिफारिशमा राष्ट्रपतिले संघीय संसद् विघटन गर्दै २१ फागुन २०८२ मा संघीय संसद्को मध्यावधि निर्वाचन घोषणा गरे ।

अन्तरिम सरकारको प्रमुख जिम्मेवारी निर्वाचन गराई संवैधानिक प्रणालीको अविच्छिन्नता र कानूनको शासन सुनिश्चित गर्नु हो। कार्की नेतृत्वको सरकारले गराउन लागेको आसन्न निर्वाचन संविधानमा अहिले विद्यमान मिश्रित निर्वाचन प्रणाली अन्तर्गत हुने हो । निर्वाचन आयोगले त्यसको तयारी थालिसकेको छ ।

तर, कतिपय जेनजी समूहबाट राष्ट्रपतिको प्रत्यक्ष निर्वाचनको माग बढ्दो छ। संविधानको अक्षरशः 'ब्लैकलेटर' व्याख्याले राष्ट्रपतिको प्रत्यक्ष निर्वाचन गर्न अनुमति नदिन सक्छ। तर नेपालमा संवैधानिक व्याख्या गर्न प्रायः प्रयोग नगरिएका 'टेलिलोजि कल', 'क्रिटिकल', 'रिसिलेन्स', र 'लिगल अफ द सोसेयो लिगल' व्याख्याका आधारमा संसदीय निर्वाचन सँगै अन्तरिम सरकारको सिफारिशमा वर्तमान राष्ट्रपतिको अध्यादेश जारी गरी प्रत्यक्ष निर्वाचन मार्फत नयाँ राष्ट्रपतिको चयन गर्न सकिन्छ भन्ने पक्षमा यस लेखमा तर्क गरिएको छ। नेपालीमा स्पष्ट अनुवादको अभावका कारण माथि उल्लिखित कानूनका प्राविधिक अंग्रेजी शब्दहरू यथावत् प्रयोग गरिएका छन्, जसको व्याख्या तल सान्दर्भिक भएको अवस्थामा गरिनेछ ।

नेपालको संसदीय प्रणाली अन्तर्गत प्रधानमन्त्री वा मन्त्री हुन संसद्को निर्वाचित सदस्यता अनिवार्य भएकोले कार्यपालिका र व्यवस्थापिका बीचको शक्तिपृथकीकरणलाई कमजोर बनाएको छ। यस्तो कमजोर व्यवस्थाले भ्रष्टाचार हुने गरेको छ। त्यसैले प्रत्यक्ष निर्वाचित राष्ट्रपति आवश्यक छ भन्ने तर्क गरेको देखिन्छ। संसदीय प्रणाली अन्तर्गतको प्रधानमन्त्री भन्दा प्रत्यक्ष निर्वाचित राष्ट्रपति निश्चित रूपमा बढी लोक-तान्त्रिक हुन सक्छ ।

तर यस्तो राष्ट्रपतिले मुलुकको भ्रष्ट राजनीतिक संस्कृतिलाई उखेल्न सक्छ वा सक्दैन, वा राष्ट्रपति स्वयं भ्रष्ट र अधिनायकवादी हुँदैनन् भन्ने उचित संवैधानिक नियन्त्रण र सन्तुलनमा निर्भर हुनेछ। यो लेख अन्तरिम सरकारले प्रत्यक्ष निर्वाचन मार्फत कार्यकारी अधिकार सहितको नयाँ राष्ट्रपति छनोट गर्न चुनाव गराउन सक्छ कि सक्दैन भन्नेमा मात्र केन्द्रित छ । प्रत्यक्ष रूपमा निर्वाचित कार्यकारी राष्ट्रपति नेपालको लागि उपयुक्त छ कि छैन भन्ने यहाँ छलफल गरिएको छैन ।

परम्परागत 'ब्ल्याकलेटर' व्याख्या गर्ने विज्ञहरूले अन्तरिम सरकारको वैधानिकता माथि शंका व्यक्त गरेका छन्। यसको विपरीत, 'क्रिटिकल' व्याख्याका आधारमा वैधानिकता छ भन्ने पर्याप्त तर्कहरू गर्न सकिन्छ। प्रत्यक्ष निर्वाचित राष्ट्रपति चुनावको तर्कलाई अगाडि बढाउने क्रममा कानून व्याख्याका नियमहरू प्रयोग गरिएका छन् ।

उदाहरणका लागि, नेपालमा अक्सर 'ब्ल्याकलेटर' व्याख्या प्रयोग गरिन्छ, जसले वर्तमान संवैधानिक जटिलताको समाधान गर्न मद्दत गर्दैन। 'ब्ल्याकलेटर' व्याख्या गर्दा कानूनको शब्दार्थ र भावार्थको कडा रूपमा पालना गर्नुपर्ने हुन्छ। यस्तो व्याख्या गर्दा, राष्ट्रपति र अन्तरिम सरकारलाई प्रत्यक्ष निर्वाचन मार्फत राष्ट्रपति चयन गर्ने अधिकार देखिंदैन ।

'ब्ल्याकलेटर' व्याख्या गर्ने कानूनविद्हरू संविधान र कानूनको तटस्थता, वस्तुनिष्ठता र न्यायपूर्णताको विचारले 'उपदेशित' हुन्छन्। तर संविधान र कानून सबै अवस्थामा तटस्थ, वस्तुनिष्ठ र न्यायपूर्ण हुँदैन। त्यसकारण, कानून र राजनीति लाई शासक वर्गको स्वार्थ भनिन्छ ।

तर जबसम्म कानून र राजनीतिलाई आम नागरिकको साझा चासोको रूपमा साकार पारिंदैन तबसम्म न्याय र राजनीतिक स्थिरता असम्भव हुन्छ। 'ब्ल्याकलेटर' बाहेक व्याख्याका अन्य विधिको प्रयोग पछाडिको मुख्य विचार यही हो ।

'ब्ल्याकलेटर' व्याख्या विधि भन्नाले लिखित संवैधानिक धारा-उपधाराहरू, कानून-नियमहरू लगायत कानूनका सर्वमान्य सिद्धान्तहरूमा केन्द्रित हुन्छ। अर्थात्, संविधान र कानूनका शब्द र वाक्यहरूमा जे उल्लेख गरिएको छ (जसलाई रोमन कानूनी माक्सिम 'डी लेगे लाटा' भनिन्छ), त्यसलाई मात्र प्राथमिकता दिनुपर्छ भन्ने हुन्छ ।

जब नागरिकहरूले कानूनको सम्मान गर्छन् र सरकारले यसलाई निष्पक्ष रूपमा लागू गर्दछ, समाज अझ व्यवस्थित, सुरक्षित र न्यायपूर्ण बन्छ। तर यदि कानूनहरू अनुचित छन् वा असमान रूपमा लागू गरिएका छन् भने नागरिकले संविधान र न्यायप्रति विश्वास र सम्मान गुमाउँछन् ।

विद्यमान संवैधानिक र निर्वाचन प्रणालीले अन्तरिम सरकारलाई प्रत्यक्ष राष्ट्रपति चयनको निर्वाचन गर्न अनुमति दिंदैन भन्ने (शब्द र वाक्यहरूको) शाब्दिक र भावार्थ व्याख्या ठीक देखिन्छ। यसलाई प्रायः कानूनको 'सकारात्मक' ('पोजिटिभिस्ट') व्याख्या भनिन्छ। संविधान वा कानून लेखिएका शब्दहरूको अर्थ कडाइका साथ कानूनी प्रावधानको 'टेक्स्टुअल' व्याख्या पनि भनिन्छ ।

'ब्ल्याकलेटर' व्याख्या विपरीत, 'टेलिलोजिकल' व्याख्या गर्दा संविधान र कानूनको मनसाय र उद्देश्यमा ध्यान केन्द्रित गरिन्छ। राज्यप्रमुख वा सरकार प्रमुखको प्रत्यक्ष निर्वाचन ( लगायत जनमत संग्रह मार्फत महत्वपूर्ण निर्णयहरू) संवैधानिक प्रणालीलाई बढी लोकतान्त्रिक बनाउने उन्नत माध्यम हुन् ।

अवस्थित संवैधानिक प्रणाली भन्दा (अलोकतान्त्रिक प्रणालीको लागि होइन) बढी लोकतान्त्रिक बनाउन टेलिलोजिकल' र 'क्रिटिकल' कानून व्याख्याका नियमहरू अनुमति दिन्छ भन्ने र आधारभूत तर्क हो ।

'टेलिलोजिकल' व्याख्या विधि प्रयोग गर्दा, संविधानको प्रस्तावना देखि अन्त्यसम्म सम्पूर्ण संविधानलाई यसको समग्रतामा हेर्न आवश्यक हुन्छ। 'ब्ल्याकलेटर' व्याख्या जस्तै 'टेलिलोजिकल' व्याख्याले पक्षहरू बीचको शक्ति असमानतालाई स्वीकार गर्दैन। तर 'क्रिटिकल' व्याख्याले 'शक्तिको असमानता'लाई मात्र होइन 'संस्थागत जातिवाद', संस्थागत भेदभाव र 'पितृसत्ता'लाई समेत चुनौती गर्छ। यसले कानूनको तटस्थता, वस्तुनिष्ठता र कानून न्यायोचित रूपमा पारित हुन्छ भन्ने 'ब्ल्याकलेटर' व्याख्यालाई चुनौती दिन्छ ।

'क्रिटिकल' दृष्टिकोणबाट हेर्दा जेनजी पुस्ताको आन्दोलन भ्रष्टाचार विरुद्ध मात्र थिएन, बेरोजगारी, जलवायु परिवर्तन, डिजिटल रूपान्तरण र सामाजिक न्यायलाई सम्बोधन गर्ने राज्यको भूमिकालाई पुनर्कल्पना गर्ने बारेमा पनि थियो।

यी विषयहरू पुरानो नेतृत्वले बेवास्ता गरेको छ । युवा नागरिकहरूको चिन्तालाई प्रतिबिम्बित गर्ने 'क्रिटिकल' व्याख्या विना नेपाल संवैधानिक विकासमा अझ पछाडि पर्ने र यसको लाभांश प्रयोग गर्ने अवसर गुमाउने जोखिम छ ।

'ब्ल्याकलेटर' व्याख्याबाट प्रशिक्षित कानूनविद्हरू आफ्नो व्याख्याको घातक कमजोरी बेवास्ता गर्ने गर्छन्। यस्तो कमजोरी भनेको परिस्थिति र घटनाहरूको परिवर्तनशीलतासँग अनुकूलन ('रिसिलेन्स' जो आफैंमा एक आधुनिक कानूनी अवधारणा हो) हुन नसक्नु हो। नेपालमा भएका पछिल्ला राजनीतिक र संवैधानिक घटनाक्रमले 'ब्ल्याकलेटर' व्याख्याको कमजोरीको प्रमाण दिन्छ। जस्तै, के कारण र कसरी जेनजीको विद्रोहले नेपालमा परिवर्तन ल्यायो ?

परिवर्तनका कारण उत्पन्न परिस्थितिमा संविधानले अन्तरिम सरकारको गठन र संसद् विघटन गर्न कसरी अनुमति दिन्छ? यी प्रश्नहरुको उत्तर 'ब्ल्याकलेटर' व्याख्याले दिन सक्दैन। तथाकथित आवश्यकताको सिद्धान्तले गैरकानूनी कार्यहरूलाई औचित्य दिंदैन। कुनै पनि संविधानको मस्यौदाकर्तालाई भविष्यको अप्रत्याशित परिस्थितिको बारेमा थाहा हुन नसक्ने र व्यवस्थापिका निष्क्रिय भएको वा जनताको जनमत गुमाएको अवस्थामा कानूनको 'ब्ल्याकलेटर' व्याख्याले समस्या समाधान गर्दैन ।

कानूनको 'ब्ल्याकलेटर' व्याख्याको दृष्टिकोणबाट सम्पूर्ण आन्दोलन-घटनाहरू गैरकानूनी हुन्छन्। तैपनि शुद्ध आपराधिक गतिविधि बाहेक

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरू

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१

### एम्बुलेन्स सेवा

जिविसि मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी

# राहत र उद्धारमा सक्रिय कोशी सरकार

विराटनगर । कोशी प्रदेश सरकारले हालको बाढी-पहिरोले प्रभावित क्षेत्रमा आफ्नो स्रोत-साधनलाई भ्याएसम्म परिचालन गर्दै राहत तथा उद्धार कार्य तीव्र बनाएको छ ।

आर्थिक मामिला तथा योजनामन्त्री रामबहादुर राना इलाममै रहँदै राहत तथा उद्धारमा खटिनुभएको छ । प्रदेशका अन्य मन्त्रीहरू समेत आ-आफ्ना जिल्लाका प्रभावित क्षेत्रमा गएर प्रत्यक्ष रुपमा उद्धार तथा राहत कार्यमा सहभागी भएको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

मुख्यमन्त्री हिक्मत कुमार कार्कीले सबै प्रदेश मन्त्रीहरू फिल्डमै रहेर राहत कार्यमा जुटिरहेको जानकारी दिनुभयो। उहाँका अनुसार भौतिक तथा पूर्वाधार मन्त्रालयमार्फत बाढी-पहिरोका कारण अवरुद्ध भएका सडक तथा साना बाटाहरू खोल्नका लागि १४ वटा पूर्वाधार कार्यालय लाई तत्काल काम अघि बढाउन हिजो नै निर्देशन दिएको थियो ।



प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले जिल्लास्तरीय सुरक्षा निकाय र प्रमुख जिल्ला अधिकारीमार्फत समन्वय र सहकार्य गरिरहेको छ । सो मन्त्रालयका मन्त्री रेवती रमण भण्डारीका अनुसार सबैतिर आवश्यक समन्वय गरी उद्धार कार्यमा सक्रियता देखाइएको छ । "हामी सबै मन्त्रीहरू फिल्डमै रही जनताको सुरक्षाका लागि काम गरिरहेका छौं," मन्त्री भण्डारीले जनकारी गराएका थिए ।

उहाँका अनुसार केही दिनअघि मन्त्रालयले प्रदेशका सुरक्षा निकायहरूलाई लाइफ ज्याकेट, बोटलगायतका विपद्-उद्धार सामग्री वितरण गरेको थियो, जसका कारण अहिले उद्धार कार्य सहज भएको थियो । करिब दुई करोड रुपैयाँ बराबरका ती सामग्री यसै वर्ष सुरक्षा निकायहरूलाई उपलब्ध गराइएको उहाँले जानकारी गराएका थियो ।

मन्त्री भण्डारीले कोशी प्रदेश सरकारले देशकै पहिलो पटक डिजिटल जोखिम नक्सा तयार गरी कुन-कुन स्थान उच्च जोखिममा छन् भन्ने विवरण सबै पालिकालाई उपलब्ध गराइसके को गराएको थियो। यो विपद व्यवस्थापनका लागि एउटा महत्वपूर्ण सूचना र सहयोग थियो । "प्रदेश सरकारले सबै स्रोत-साधनलाई भ्याएसम्म प्रयोग गर्दै विपद् प्रभावित जनतासँगै खटिएको थियो ।

उहाँका अनुसार केही समयअघि भएको आन्दोलनका क्रममा मन्त्रालयमा रहेका केही राहत तथा उद्धार सामग्री नष्ट भए पनि हाल थप सामग्री वितरणका प्रयास भइरहेको छ । मुख्यमन्त्री कार्कीले स्थानीय पालिकासँगको समन्वय र सहकार्यलाई अझ सुदृढ बनाइएको उल्लेख गर्दै प्रदेश सरकार विपद् व्यवस्थापनमा पूर्ण रूपमा सक्रिय रहेको स्पष्ट पारेको थियो ।

उहाँका अनुसार हरेक वर्ष प्रदेश सरकारले कोशी प्रदेशका सुरक्षा निकायहरूलाई विपद् व्यवस्थापनका सामग्री खरिद तथा सहयोग गर्दै आएको छ । यसले विगत वर्षहरूको तुलनामा यस वर्ष उद्धार कार्यलाई अझ प्रभावकारी बनेको छ ।

# झापा र मोरंगबाट प्रतिवन्धित लागुऔषध सहित पाँच पक्राउ

विराटनगर । झापा र मोरङ जिल्लाको दुई छुट्टाछुट्टै स्थानबाट लागूऔषध ब्राउन सुगर र प्रतिबन्धित औषधी सहित ५ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

सोमबार झापाको गौरिगंज गाउँपालिका-२ स्थितमा चेकजाँचको क्रममा १५ ग्राम ५१० मिलिग्राम ब्राउन सुगर सहित मोरङ रतुवामाई नगरपालिका-३ का बिमल कामत र दमक नगरपालिका-८ का चन्दन रायलाई प्रहरी चौकी कोरोबारीले नियन्त्रणमा लिएको थियो ।

त्यसैगरी इलाका प्रहरी कार्यालय बिराटचौक मोरङले प्रतिबन्धित औषधी ट्रमाडोल-९२ चक्की र डिकोलिक १०२ चक्की सहित सुन्दरहरैचा नगरपालिका-१० की ज्ञानी राई र सुन्दरहरैचा नगरपालिका-१२ का अमृत चौधरीलाई पक्राउ गरको थियो ।

सुनसरीको कोशी गाउँपालिका-७ स्थितबाट ठूलो परिमाणमा लागू औषध गाँजा सहित १ जनालाई प्रहरीले पक्राउ गरेको छ । गत आइतवार बिशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय भण्टाबारीबाट खटिएको प्रहरी गस्ती टोलीले धान बारी भित्र प्लास्टिकको १३ वटा बोरामा लुकाई छिपाई राखेको अवस्थामा ५ सय ३७ किलो १ सय ४० ग्राम गाँजा बरामद गरेको थियो ।

प्रतिबन्धित लागु औषधी गाँजा बरामद भए संगै ओसार पोसारमा संलग्न रहेका सोही स्थानका ४५ बर्षीय दिनेश यादव समेतलाई नियन्त्रणमा लिएको थियो ।

नियन्त्रणमा लिएका ५ जना उपर थप अनुसन्धान भईरहेको सम्बन्धित प्रहरी कार्यालयले जानकारी दिएको छ ।




हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

डम्मरू बल्लभ बराल — प्रमुख प्रशासकीय अधिकृत
दमयन्ता देवी चुडाल — नगर उप प्रमुख
श्री नागेश्वर प्रसाद सिंह — नगर प्रमुख

रतुवामाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मोरंग कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

रोशनप्रसाद ढकाल — प्रमुख प्रशासकीय अधिकृत
अकली चौधरी — नगर उप प्रमुख
केदार प्रसाद गुरागाई — नगर प्रमुख

सुन्दरहरैचा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मोरंग कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

विक्रम राई — प्रमुख प्रशासकीय अधिकृत
नितु थापा कोईराला — उपमेयर
दिल प्रसाद राई — मेयर

बेलबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मोरंग कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्त प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

शशि राई — प्रमुख प्रशासकीय अधिकृत
देवी माया काफ्ले — उप प्रमुख
मोहन प्रसाद तुम्वापो — प्रमुख

पथरी शनिश्चरे नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मोरंग, कोशी प्रदेश, नेपाल

# कोशी प्रदेश सरकारले हेलिकप्टर मार्फत इलामका विभिन्न ठाउँमा राहत सामग्री



विराटनगर । कोशी प्रदेश सरकारले इलाम जिल्लाका बाढी पहिरो पीडितहरुका लागि विभिन्न राहत सामग्री पुऱ्याएको छ । हेलिकप्टर मार्फत राहत सामग्री पूऱ्याएको छ ।

कोशी प्रदेश सरकारका कोशी मुख्यमन्त्री हिम्मत कुमार कार्कीले राहतलाई तीव्र रुपमा वितरण गर्ने र मृतक परिवार लाई सहयोग गर्ने कामलाई प्रभावकारी रुपमा अगाडि बढाइएको छ ।

कोशी प्रदेश आन्तरिक मामिला तथा कानुन मन्त्रालयले नेपाली सेनाको हेलिकोप्टर मार्फत राहत सामग्री इलाम पठाएको थियो । मुख्यमन्त्रीले स्थलमार्गबाट राहत पठाउन सकिने अवस्था नभएपछि तत्कालका लागि हेलिकोप्टर मार्फत पठाईएको थियो । आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव रामप्रसाद आचार्यले जानकारी दिए अनुसार प्रदेश सरकारले दैनिक उपभोग्य खाद्य सामग्रीहरु चामल, दाल, आलु तेल, नुन बेसार तथा ब्ल्याङ्केट, सिरानी, म्याट्रेस, त्रिपालहरु इलामका लागि पठाइएको थियो ।

प्रदेश सरकारले असोज १७ र १८ गते भएको अविरल बर्षापछि आएको बाढी पहिरोका कारण विस्थापित भएकाहरुको उद्धारको कार्य पछि राहत सामग्री पठाएको मन्त्रालयका सचिव आचार्यले जानकारी दिए । इलामको माङसेबुङ र इलाम सदरमुकाममा हेलिकप्टर मार्फत सामग्री पठाएको थियो । थप सामग्री पुर्याउने सरकारको तयारी छ ।

बाढी पहिरोका कारण इलाममा बढी क्षति भएकाले इलामलाई प्राथमिकतामा राखेर राहत सामग्रीहरु पठाईएको प्रदेश सरकारले जानकारी दिएको छ।

बाढी पहिरोका कारण इलामको सूर्योदय नगरपालिका, इलाम नगरपालिका, सन्दकपुर गाउँपालिका, माङसेबुङ गाउँपालिका, माई जोगमाई गाउँपालिका, देउमाई नगरपालिका र फाकफोकथुम गाउँपालिकामा मानवीय तथा भौतिक क्षति भएको थियो ।

# ब्राउन सुगर सहित सुनसरीबाट तीन पक्राउ

विराटनगर । ब्राउन सुगर सहित सुनसरीबाट प्रहरीले तीनजनालाई पक्राउ गरेका छन् ।

सुनसरीको इनरुवा नगरपालिका-४ बसपार्क चौक स्थितबाट १ सय ९७ ग्राम ६ मिलिग्राम लागू औषध ब्राउन सुगर सहित १ जनालाई प्रहरीले पक्राउ गरेको थियो । असोज २४ गते साँझ ७ बजे जिल्ला प्रहरी कार्यालय सुनसरी र अस्थायी प्रहरी पोष्ट बसपार्क इनरुवाबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा इनरुवा नगरपालिका-४ का ३३ बर्षीय कृष्ण कुमार मेहताको साथबाट १ सय ९७ ग्राम ६ मिलिग्राम ब्राउन सुगर बरामद गरेको थियो ।

त्यसैगरी सुनसरीको कोशी गाउँपालिका-१ स्थितबाट लागूऔषध ब्राउन सुगर सहित २ जनालाई प्रहरीले पक्राउ गरेको थियो । असोज २३ गते साँझ ६ बजे विशेष सुचनाको आधारमा इलाका प्रहरी कार्यालय लौकहीबाट खटिएको प्रहरी टोलीले बराहक्षेत्र नगरपालिका-१ का ३१ बर्षीय सनम श्रेष्ठ र कन्चनपुर भिमदत नगरपालिका-६ की २० बर्षीया निरा चुनारालाई शंकास्पद अवस्थामा फेला पारी चेकजाँच गर्दा उनिहरुको साथबाट १४ ग्राम २४ मिलिग्राम ब्राउन सुगर बरामद भएको थियो ।

ब्राउन सुगर सहित पक्राउ परेका तीनै जनाको आवश्यक थप अनुसन्धान भईरहेको छ ।

ट्राफिक नियमको पालना गरौं ।
सडक सुशासन कायम गरौं ।।

हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

भूम सुर्य मगर, प्रमुख प्रशासकीय अधिकृत
कृष्ण कुमार पोखरेल निरौला, नगर उप प्रमुख
भुपेन्द्र कुमार लावती, प्रमुख

लेटाङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मोरंग कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

अभय कुमार गुप्ता, प्रमुख प्रशासकीय अधिकृत
मिना कुमारी खतिवडा, नगर उप प्रमुख
गंगा प्रसाद खरेल, नगर प्रमुख

उर्लाबारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मोरंग कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

विनोद कुमार अधिकारी, प्रमुख प्रशासकीय अधिकृत
सुनिता कुमारी उराँउ, उपाध्यक्ष
अजमल अख्तर मिया, अध्यक्ष

भोक्राह नरसिंह गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी कोशी प्रदेश, नेपाल

हार्दिक मंगलमय शुभकामना

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

दिपेश कुमार भट्ट, प्रमुख प्रशासकीय अधिकृत
अनिता देवी यादव, उपाध्यक्ष
ऐयुब अंसारी, अध्यक्ष

कोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
सुनसरी कोशी प्रदेश, नेपाल

## २१ फागुनमै...

वैध स्थापित भइसकेको परिवर्तनलाई ( जस्तै नेपालको अन्तरिम सरकार) 'टेलिलोजिकल' र 'क्रिटिकल' व्याख्या को दृष्टिकोणबाट गैरकानूनी भन्न मिल्दैन ।

समाजको विकसित वास्तविकता लाई ध्यानमा राख्दै निश्चित सिद्धान्तहरूको प्रयोगभन्दा बाहिर गएर वास्तविक संसारमा कानूनहरू कसरी साँच्चै सञ्चालन हुन्छन् भन्ने व्याख्या गर्नुपर्ने हुन्छ। लिखित र सैद्धान्तिक कानूनका साथै समाजमा कानून कसरी सञ्चालन हुन्छ ('ल इन एक्सन') भन्ने सामाजिक व्यवहारले भने उल्लेखनीय प्रभाव पार्छ ।

'ब्ल्याकलेटर' व्याख्याको दृष्टि कोणबाट कानून कस्तो हुनुपर्छ (रोमन माक्सिम 'डी लेगे फेरेन्डा') भन्ने विषय न्यायपालिकाको काम होइन भन्ने मानिन्छ। तर, कतिपय परिस्थितिमा कानून के हो र के हुनुपर्छ भन्ने कुरा एक-अर्काबाट अलग गर्न सकिँदैन, जुन 'ब्ल्याकलेटर' व्याख्याले स्वीकार गर्दैन। त्यसको लागि 'टेलिलोजिकल' व्याख्या आवश्यक छ ।

संविधान संशोधन वा परिवर्तनमा कडा सीमाहरू समावेश भए पनि जनता शक्तिको अन्तिम स्रोत हुन् भने लोकतान्त्रिक उद्देश्यहरू पूरा गर्न असफल हुने संविधानलाई परिवर्तन गर्ने वा प्रतिस्थापन गर्ने अधिकार 'टेलिलोजिकल' र क्रिटिकल' व्याख्याले स्वीकार गर्छन्, जसलाई उद्देश्यपूर्ण दृष्टिकोण पनि भनिन्छ ।

विगतका संविधानहरू व्याख्याका ऐतिहासिक स्रोत भए पनि शाश्वत हुँदैनन्। प्रत्येक संविधान एक विशिष्ट ऐतिहासिक सन्दर्भमा लेखिएका हुन्छन् । संविधान प्राय: अभिजात वर्गको स्वार्थ वा तत्काल संकटहरूद्वारा आकार दिइएको हुन्छ ।

समाजहरू विकसित हुँदै जाँदा मूल नियमहरू लोकतान्त्रिक शासनको लागि बाधा बन्न सक्छन्। संविधानलाई आफ्नै प्रतिबन्धात्मक प्रक्रियाहरू भित्र बाहेक कहिल्यै परिवर्तन गर्न सकिँदैन भन्ने दाबी गर्नु भविष्यका पुस्ताहरूले सबैलाई बाँध्न सक्छन् भन्ने अनुमान गर्नु अलोकतान्त्रिक हुन्छ ।

लोकतान्त्रिक वैधता विरासतमा प्राप्त नियमहरूको अन्धो पालनाबाट होइन सहमति, सहभागिता र समानता प्रतिबिम्बित गर्दछ भन्ने सुनिश्चित गरेर आउँछ ।

जब संविधान लोकतन्त्रको लागि बाधा बन्छ जनताले यसलाई सुधार वा प्रतिस्थापन गर्न आफ्नो सार्वभौम अधिकार प्रयोग गर्न सक्छन्। लोकतान्त्रिक वैधता विरासतमा प्राप्त नियमहरूको अन्धो पालनाबाट होइन सहमति, सहभागिता र समानता प्रतिबिम्बित गर्दछ भन्ने सुनिश्चित गरेर आउँछ ।

'टेलिलोजिकल' व्याख्याले संविधानले के भन्छ भनेर मात्र होइन तर यो केको लागि हो भनेर सोध्छ । लोकतान्त्रिक संविधानको अन्तिम उद्देश्य स्व-शासन सक्षम पार्नु, अधिकारको रक्षा र शक्तिको संरचना गर्नु तथा जनताप्रति जवाफदेही हुनु हो । 'टेलिलोजिकल' बुझाइले अवस्थित सीमाहरू बाहिर पनि यी लक्ष्यहरूलाई अगाडि बढाउने भनेर परिवर्तनलाई वैध बनाउँछ ।

'ब्ल्याकलेटर' दृष्टिकोणले देखे जस्तो संविधानहरू तटस्थ सम्झौता होइनन्। संविधानहरू शक्ति-संघर्षका उत्पादन हुन् । कुनै पनि पुस्तालाई भावी पुस्ताहरूलाई समानता वा सहभागितालाई कमजोर पार्ने संरचनाहरूमा बन्द गर्ने अधिकार छैन। टेलिलोजिकल रूपमा, संविधानहरू लोकतन्त्र र न्यायको लागि साधन रहनुपर्छ ।

क्रिटिकल रूपमा, संविधानहरू लाई आकस्मिक राजनीतिक उत्पादनहरूको रूपमा बुझ्नुपर्छ । यसरी, औपचारिक सीमाहरू भन्दा बाहिरको संवैधानिक परिवर्तन कानूनहीन वा अराजक हुँदैन; यो उच्च संवैधानिकताको अभ्यास हो, जहाँ जनताले संविधानको उद्देश्य पुन: प्राप्त गर्छन् र ऐतिहासिक वा अभिजात वर्गका अवरोधहरूद्वारा यसको कब्जाको प्रतिरोध गर्छन् । ब्ल्याकलेटर व्याख्याले संकटको समयमा लचकता, आवश्यक रूपान्तरणहरूलाई पक्षघात गर्न सक्छ। अस्थिरता सिर्जना गर्न सक्छ ।

संवैधानिक लोकतन्त्रको परिमार्जनका लागि गरिएको जनक्रान्ति वा आन्दोलनलाई अलग गरेर संविधानवाद स्थापित गर्न सकिँदैन। छोटकरीमा, 'ब्ल्याकलेटर' व्याख्याले संवैधानिक परिवर्तनलाई ढिलो, साँघुरो र प्राय: अलोकतान्त्रिक बनाउँछ। यसले औपचारिकतालाई संरक्षण गर्छ तर वैधता, लचिलोपन र संविधानको गहिरो लोकतान्त्रिक उद्देश्यलाई कमजोर पार्ने जोखिम राख्छ। संवैधानिक परिवर्तन अवस्थित सीमाहरू भन्दा बाहिर हुन सक्छ र हुन्छ ।

वर्तमान संयुक्त राज्य अमेरिका आदर्श उदाहरण नहुन सक्छ तर अमेरिकी स्वतन्त्रताको घोषणामा (१७७६) 'जनताको विद्रोह गर्ने अधिकार' उल्लेखनीय छ- 'जब कुनै पनि प्रकारको सरकार... विनाशकारी हुन्छ, त्यसलाई परिवर्तन गर्ने वा खारेज गर्ने र नयाँ सरकार स्थापना गर्ने जनताको अधिकार हो।' अर्थात्, सरकारहरूले आफ्नो शक्ति शासितहरूको सहमतिबाट प्राप्त गर्छन् ताकि निहित अधिकारहरू सुरक्षित गर्न सकियोस् जसले गर्दा विनाशकारी सरकार जनताद्वारा उखेल्न सकियोस् ।

अमेरिकाको पहिलो संविधान को रूपमा चिनिने 'कन्फेडेरे सनका धाराहरू' (१७८१) लाई अमेरिकी संविधानले (१७८९) प्रतिस्थापन गर्दा अतिरिक्त-संवैधानिक वार्ता र स्थापना प्रक्रियाहरू समावेश थिए। महिनौंको बहस र मस्यौदापछि, प्रतिनिधिहरूले अमेरिकी संविधान पूरा गरे, शक्ति पृथकीकरण प्रणालीको साथ बलियो संघीय सरकार स्थापना गरे ।

अमेरिकी सर्वोच्च अदालतले अक्सर 'टेकस्टलिस्म' र परपोसोभिज्म व्याख्या प्रयोग गर्ने गर्छ । 'टेकस्टलिस्म'ले कानूनको सादा अर्थमा जोड दिन्छ, जबकि 'परपोसोभिज्म'ले कांग्रेसले निर्माण गरेको कानूनको व्यापक उद्देश्य वा लक्ष्यलाई प्राथमिकता दिन्छ ।

व्याख्या गर्दा अर्थ निर्धारण गर्न विधायिकी इतिहास, न्यायिक निर्णय र व्याख्याको सम्भावित परिणाम जस्ता माध्यमहरू प्रयोग गर्छन्, यद्यपि प्रत्येक माध्यमहरूलाई दिइएको वजन न्यायाधीशको प्राथमिक दृष्टिकोणको आधारमा फरक हुन सक्छ ।

जब संविधान लोकतन्त्रको लागि बाधा बन्छ जनताले यसलाई सुधार वा प्रतिस्थापन गर्न आफ्नो सार्वभौम अधिकार प्रयोग गर्न सक्छन् ।

'टेकस्टलिस्म' र 'परपोसोभिज्म' व्याख्या भन्दा बाहिर जाँदै कानूनको 'लिगल अफ द सोसेयो लिगल' व्याख्याले नागरिक र शासकहरू बीचको पारस्परिक सम्बन्धलाई कानूनको सम्मान गर्ने संस्कृतिले प्रतिबिम्बित गर्दछ । जस्तै, अमेरिकी सर्वोच्च अदालतले गुन्नार मिर्डलको 'एन अमेरिकन डिलेमा' पुस्तक 'ब्राउन विरुद्ध बोर्ड अफ एजुकेशन' निर्णयमा अदालतको तर्कलाई बौद्धिक ढाँचामा वैध बनाउन उद्धृत गरेको छ। किनभने यसले अमेरिकी आदर्श र जातीय पृथकीकरण बीचको विरोधाभास असमान थियो भन्ने अदालतको निष्कर्षको लागि सम्मानित सामाजिक-विज्ञान आधार प्रदान गरेको थियो ।

जहाँ कानूनहरूलाई वैध, निष्पक्ष रूपमा र सामाजिक मूल्यमान्यतासँग मिल्दोजुल्दो रूपमा लागू गरिएको हुन्छ नागरिकहरूले कानूनलाई दण्डको डरले भन्दा स्वेच्छाले पालना गर्न प्रेरित गर्दछ। यस्तो संस्कृतिले सामाजिक व्यवस्थालाई बलियो बनाउँछ, संस्थागत विश्वास बढाउँछ र शासनको वैधतालाई कायम राख्छ ।

यसको विपरीत, स्वेच्छाचारी वा अन्यायपूर्ण कानूनहरूले सम्मान र नागरिक जिम्मेवारीलाई कमजोर बनाउँछ । जब नागरिकहरूले कानूनको सम्मान गर्छन् र सरकारले यसलाई निष्पक्ष रूपमा लागू गर्दछ, समाज अझ व्यवस्थित, सुरक्षित र न्यायपूर्ण बन्छ। तर यदि कानूनहरू अनुचित छन् वा असमान रूपमा लागू गरिएका छन् भने, नागरिकहरूले संविधान र न्यायप्रति विश्वास र सम्मान गुमाउँछन् । अहिलेको नेपालमा यही भएको छ ।

वर्तमान भन्दा बढी लोकतान्त्रिक प्रणाली स्थापित गर्न 'टेलिलोजिकल', 'क्रिटिकल' र 'लिगल अफ द सोसेयो लिगल' व्याख्याका आधारमा अन्तरिम सरकारले विद्यमान संवैधानिक र निर्वाचन कानूनकै आधारमा संसदीय निर्वाचनसँगै राष्ट्रपतिको अध्यादेश मार्फत प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको चुनाव गराउन सक्छ। यस्तो निर्वाचन हुन्छ वा हुँदैन भन्ने अन्तरिम सरकार र जेनजीको राजनीतिक इच्छाशक्तिमा निर्भर गर्दछ । अनलाईन बाट

**कर तिरौं, राजश्व बढाऔं**

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

**अन्तरिक राजश्व कार्यालय विराटनगर**

# गुप्त अगङ्मा हुने चिलाई

आजभोली परिवर्तनशील जीवनशैली र खानपानका कारण गुप्त अङ्गमा चिलाइ हुनु एउटा सामान्य समस्या बनिसकेको छ । यो समस्याले लाजमर्दो र असहज त बनाउँछ नै, कहिलेकाहीँ गम्भीर संक्रमणको कारण पनि बन्न सक्छ । यसका वास्तविक कारणहरू, बचावटका उपायहरू र केही प्रभावकारी घरेलु उपचारहरू बारे जानकारी लिऔं । रुगुप्त अङ्गमा किन चिलाउँछ ?

यसका मुख्य कारणहरू

- फङ्गल इन्फेक्सन : ओस र तातो वातावरणमा फङ्गस सजिलै बढ्छ । यसले गर्दा चिलाइ र जलन हुन्छ ।





- ब्याक्टेरियल इन्फेक्सन : असुरक्षित यौन सम्बन्ध वा सरसफाइको कमीले ब्याक्टेरियल संक्रमण हुन सक्छ ।
- एलर्जी : बजारका साबुन, डिटर्जेन्ट, स्यानिटरी प्याड वा अत्तर (परफ्युम) युक्त उत्पादन हरूले छालामा एलर्जी गराउन सक्छन् ।
- छालाको रोग (जस्तै सोरायसिस, एक्जिमा) : यी रोगहरूले गुप्त अङ्गको छालामा पनि असर गर्छन् ।
- पसिना र फोहोर: कसिलो कपडा र पसिनाले त्यहाँ ओस जम्मा हुन्छ, जसले गर्दा चिलाइ हुन्छ ।
- हार्मोनल असन्तुलन : महिलाहरूमा महिनावारी, गर्भावस्था वा मेनोपजको समयमा हुने हार्मोनल परिवर्तनले पनि चिलाइ हुन सक्छ ।

यस्तो लक्षणहरूलाई बेवास्ता नगर्नुहोस

- यस्ता लक्षण देखिएमा तुरुन्त डाक्टरसँग सम्पर्क गर्नुहोस,
- चिलाइसँगै जलन वा रातोपन,
- गन्ध आउने वा असामान्य डिस्चार्ज (स्राव),
- बारम्बार संक्रमण हुनु,
- घाउ वा खटिरा देखा पर्नु,

घरेलु र प्राकृतिक उपाय

- सरल र प्रभावकारी घरेलु उपायहरू जसले आराम दिन सक्छन
- नीमको पानी : नीममा एन्टी-ब्याक्टेरियल र एन्टी-फङ्गल गुणहरू हुन्छन् । नीमका पातहरूलाई उमालेर त्यो पानीले सफा गर्दा धेरै फाइदा हुन्छ ।
- दहीको सेवन र प्रयोग : दहीमा पाइने प्रोबायोटिक्स ले संक्रमण रोक्छन् । यसलाई खानुहोस् र मन लागेमा प्रभावित ठाउँमा हल्का लगाउन पनि सकिन्छ ।
- बेसार (हल्दी) भएको दूध : बेसार प्राकृतिक एन्टिसेप्टिक हो । हरेक रात बेसार मिसाएको दूध पिउनु लाभदायक हुन्छ ।
- नरिवलको तेल : नरिवलको तेलमा एन्टी-फङ्गल गुणहरू हुन्छन् । चिलाएको ठाउँमा हल्का लगाउनाले आराम मिल्छ ।
- एलोभेरा जेल : एलोभेराले छालालाई शीतलता दिन्छ र संक्रमण रोक्न मद्दत गर्छ ।
- सुती (कटन) का भित्री वस्त्र लगाउनुहोस: खुकुलो र सुतीका कपडा लगाउनुहोस् : जसले गर्दा हावाको प्रवाह भइरहोस् र ओस जम्मा नहोस् ।
- मेथीको दानाको पानी: रातभर भिजाएर राखेको मेथीको दानाको पानी बिहान पिउनाले शरीरको टक्सिन बाहिर निस्कन्छ र संक्रमण घट्छ ।

बचावटका सरल उपायहरू

चिलाइको समस्याबाट बच्न यी कुराहरूमा ध्यान दिनुहोस

- दैनिक सरसफाइ कायम राख्नुहोस्, तर अत्तर वा परफ्युमयुक्त उत्पादन हरूको प्रयोग नगर्नुहोस् ।
- कसिलो र सिन्थेटिक (नाइलन, पलिएस्टर) कपडा नलगाउनुहोस्।
- महिनावारीको समयमा समय-समयमा प्याड फेर्नुहोस् ।
- पर्याप्त पानी पिउनुहोस् र स्वस्थ आहार लिनुहोस् ।
- असुरक्षित यौन सम्बन्धबाट बच्नुहोस् ।

निष्कर्ष : गुप्त अङ्गको चिलाइलाई सामान्य समस्या सम्झनु हुँदैन। यदि समयमै ध्यान नदिएमा यसले गम्भीर संक्रमणको रूप लिन सक्छ। आयुर्वेद र घरेलु उपचारहरूले यसमा ठूलो मद्दत गर्न सक्छन्, तर यदि समस्या निरन्तर रहन्छ भने डाक्टरको सल्लाह लिनु अति आवश्यक छ । सामाजिक संजालबाट

**हार्दिक मंगलमय शुभकामना**

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**नगरवासीको लागि जनहितमा जारी सूचना**

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| सुवर्ण घिमिरे | मेनुका पोखरेल खतिवडा | वेद नारायण गच्छदार |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपमेयर | मेयर |

दुहवी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सुनसरी, कोशी प्रदेश, नेपाल

**हार्दिक मंगलमय शुभकामना**

२०८२ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

**नगरवासीको लागि जनहितमा जारी सूचना**

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| डिल्लीराज निरौला | विनीता कुमारी मेहता | केदार भण्डारी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपमेयर | मेयर |

इनरुवा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
सुनसरी, कोशी प्रदेश, नेपाल